- नगरपालिकामा सञ्चार र इन्टरनेछ सेवा नप'गेका स्थानमा सञ्चार तथा इन्टरनेट सेवा विस्तार गर्ने
- खुदुनाबारी क्षेत्रमा विद्युत काउण्टर,प्रहरी चौकी बैंक स्थापना गर्ने
- वडा नगरप्रहरी कार्यालय स्थापना गर्ने
- नगरपालिकामा हाटबजार तथा पशु बधशाला व्यवस्थित गर्ने
- युवा स्वरोजगार सीपमुलक तालिम सञ्चालन गर्ने
- महिला दलित आदिवासी जनजाति विपन्न वर्ग पिछडिएको वर्गलाई विशेष लाभ पुग्ने कार्यक्रमहरु सञ्चालन गर्ने
- नगरपालिकामा तत्काल पक्की पुल बनाउन नसकिने स्थानमा तत्कालका लागि झोलुंगे पुल निर्माण गर्ने
- वाड नं. ३ र ४ जोड्ने झोलुंगे पुल निर्माण गर्ने
- वडा नं. ४ को रातेखाल दहिझोडा जोड्ने झोलुंगे पुल निर्माण
- वडा नं ९ मा चारघरे चौक बाट धिमाल गाउँ जाने अंदुवा खोलाको पुल निर्माण
- वडाका सबै मुलपैनीहरुको मुहान मर्मत तथा स्तरोन्नति गर्ने
- नगरपालिकाका ऐतिहासिक मठ मन्दिर,बौद्ध गुम्बाहरुको स्तरोन्नति
- नगरपालिकाका उच्च माविहरुको स्तरोन्नति गर्ने
- खानेपानी को सुविधा नपुगेका स्थानहरुमा खानेपानी विस्तार गर्ने

→ कृषि शिक्षालय स्थापना गर्ने
→ सहकारी मार्फत अर्गानिक खेती प्रोत्साहन गर्ने.
→ प्राविधिक शिक्षालाई प्रोत्साहन गर्ने.
→ खुदुनाबारीमा झूलो नैतेमा पुल निर्माण
→ मगरमढी देखि सेतीपानी कालिस्थान जोर्ने बाटो ढिपिआर गरी सम्पन्न गर्ने
→ विभूती मार्ग स्तरोन्नति गर्ने.
→ अव्यवस्थित वसोवास गरिरहेका सुकुम्बासी हरुको श्रीभलेख तयार गर्ने.

२०७८

२१/०४/२०७८

निर्णय नं ३.

यस नगरपालिकामा गत आर्थिक वर्ष बाट सञ्चालनमा आएका क्रमागत योजनाहरुलाई यस आर्थिक वर्षमा समेत निरन्तरता दिई सञ्चालन र फरफारक गर्ने निर्णय गरियो।

निर्णय नं. ४

यस नगरपालिकालाई खुल्ला दिशा मुक्त नगर क्षेत्र तोकिएकै प्रतिमा घोषणा गर्न सो कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिने निर्णय गरियो।

निर्णय नं. ५.

यस नंगरपालिकाको दैनिक प्रशासनिक कार्य तथा कार्यालय सञ्चालन, कर्मचारीहरुको तलबभत्ता,सेवा सुविधा, बडा कार्यालयहरु सञ्चालनार्थ आवश्यक भौतिक तथा प्रशासनिक सामाग्रीहरु मा आवश्यक पर्ने रकम खर्च गर्ने निर्णय गरियो।

निर्णय नं. ६.

आगामी आर्थिक वर्ष २०८४/२०८५ का लागि अर्जुनधारा नगरपालिकालाई विविध निकायबाट प्राप्त हुने श्रोतको सुनिश्चितता भए पछि योजना तर्जुमा तथा बजेट निर्माणको प्रक्रिया अघि बढाई निम्न नीति तथा कार्यक्रमलाई प्राथमिकता पूर्वक कार्यन्वयन मा लैजान विनियोजन विधेयक नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो।

- ३ महिना भित्र सवै वडा कार्यालय सम्बन्धित वडामा स्थापना गरी कर्मचारी व्यवस्थापन गर्ने ।
- माटे खानेपानी योजनालाई व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने ।
- विपत व्यवस्थापनका लागि बजेट व्यवस्थापन गर्ने
- अधुरा निर्माण कार्यलाई पहिलो चौमासिक भित्र सम्पन्न गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने ।
- सिचाई तर्फ अति जोखिममा रहेको कुलो पैनीलाई निर्माण गर्न बजेट व्यवस्थापन गर्ने ।
- विभिन्न संघ सस्थासंग सहकार्य, सहमती गरी नगर समृद्धि तर्फका कार्यक्रमलाई वडावा दिने ।
- शनिश्चरे बजारलाई केन्द्र मानेर १ किमी आसपास पारी रिङरोड निर्माण गर्ने ।
- नपाले कार्यान्वयनमा ल्याएको रिङरोडलाई व्यवस्थापन गर्ने ।
- नगरक्षेत्रभित्र मापदण्ड पुगेका सडकहरुको स्तरउन्नतिका लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।
- नगरक्षेत्रमा रहेका एक वडाबाट अर्को वडा हुदै छिमेकी नपा, गाउपालिका जोड्ने लामो दुरीका सडक निर्माणलाई पहिलो प्राथमिकता दिने ।
- विरिङ, टाङटिङ तटबन्धनका लागि जनताको तटबन्धन र जलउत्पन्न प्रकोप डिभिजनसग सहकार्य गर्ने ।
- खुदुनावारी बजारलाई स्मार्ट बजार निर्माणका लागि कार्ययोजना तयारी गरी कार्ययोजना अनुरुप कार्य गर्ने ।
- खेलमैदान निर्माण
    - ✓ फुलमती पश्चिमको खेल मैदान (राष्ट्रियस्तरको निर्माण गर्न आवश्यक पूर्वाधार निर्माण)
    - ✓ प्राकृतिक रगशाला (बेस क्याम्प खुदुनावारी निर्माणका लागि अगाडि बढाउने)
    - ✓ खेलमैदानलाई सरक्षण (मदनपुर) (मर्मत सम्भार गर्ने)
    - ✓ खरबन्दी खेलमैदान
- सालवाडी देउनिया छेउ राजमार्ग उत्तर छेउको जमिन व्यवस्थापन
    - ✓ ट्राफिक कार्यालय निर्माणका लागि सम्बन्धित निकायमा पहल गर्ने
    - ✓ कृषि थोक बजार निर्माणका लागि उक्त जमिन नपाले उपयोग गर्ने ।
    - ✓ चारै तर्फ झागिने विरुवा लगाई वृक्षारोपण गर्ने ।
- बाकी जग्गालाई खुल्ला मञ्च निर्माण गरी नपाले उपभोग गर्ने ।
- चारआली शहिद पार्क शनिश्चरे सडक कालोपत्रे । (सडक डिभिजनसग सहकार्य)
- शनिश्चरे सुर्खानी सडक कालोपत्रे (डोलीडारसंग सहकार्य)
- चारपाने नारायण चौक हात्तिकिल्ला सडक कालोपत्रेका लागि चौतर्फी पहल गर्ने)
- लक्ष्मीपुर मदनपुर साधुटार सडक ४ किमी (सडक डिभिजन, डोलीडार रा.यो.आ.सग माग)
- दुर्गापुर सुर्खानी इलाम जोड्ने सडक सडक डिभिजनसंग सहकार्य
- कालीस्थान धाइजन सडक रा.यो.आ.सग सहकार्य
- कालिस्थान सहरेडागी सडकको डि पि आर गर्ने

- बुट्टाबारी सालवाडी चिसापानी सेतीपानी डिपिआर नभएको डि पि आर गर्न अनुरोध गर्ने ।
- स्टाप चोक श्रमिक चोक कल्भर्ट निर्माण डिपि आर भएको छ ।निर्माण गर्ने ।
- देवानचोकको टाङटिङ खोला डिपिआर बाकी छ । डिपिआरका लागि सम्बन्धित निकायमा पहल गर्ने ।
- चादनी चोक डिपिआर बाकी छ । डिपिआरका लागि सम्बन्धित निकायमा पहल गर्ने ।
- शनिश्चरे मिलडाडा देवान चोक डिपि आर भएको निर्माण कार्य संचालन गर्न सम्बन्धित निकायसग माग
- खुदुनावारी चोकबाट साठीमुरे हुदै इलाम जाने सडकको टाङटिङ खोलामा पुल निर्माण
- फागुनन्द चोकबाट बेलटार हुदै लाप्चेटार तीनधरे इलाम सडक निर्माण गर्ने
- वितामोड शनिश्चरे जयपुर बुधबारे सडक विस्तार (सडक डिभिजन युरेपियन मापदण्ड अनुसार सडक निर्माण गर्न सम्बन्धित निकायसंग अनुरोध गर्ने)
- साठीमुरे लाप्चेटार बीच खोलामा झोलुङगे पुल निर्माणका लागि सम्बन्धित निकायमा डिपिआर का लागि अनुरोध गर्ने ।
- डिएमसी मिलडाडा सडकको विरिङ खोलामा पुल निर्माणका लागि डिपिआर तयार गरी निर्माण कार्य अगाडि बढाउन पहल गर्ने ।
- गडी मदनपुरको विरिङको जिर्ण पुललाई तत्काल बैकल्पिक पुल निर्माणको व्यवस्थापन गर्ने ।
- लेण्ड फिल्ड साइटको खोजी ३ वटा नपासग सहकार्यको लागि पहल
- प्राकृतिक रंगशाला निर्माणका लागि जग्गा व्यवस्थापनमा जोड
- सरपट नापी माग
- ढल तथा नाला निर्माण
- अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्नका लागि कानुन निर्माण गरी व्यवस्थापनमा जोड दिने ।
- नगरपालिका भवन २ तला थप गर्ने
- विपत व्यवस्थापनका लागि बजेट व्यवस्थापन (तारजाली, प्लाष्टिक जाली र बोरा)
- शिक्षालाई समुचित विकास (बाल शिक्षा, आधारभुत, माध्यमिक)
- सामाजिक सुरक्षा भत्ता घरघरमा सेवा पुऱ्याउनका लागि आवश्यक व्यवस्था मिलाउने ।
- हात्तिवार निर्माण गर्ने । (दहिझोडा, जुकेखाडी, सुर्खानी)
- लक्षित वर्गका कार्यक्रमहरुलाई प्राथमिकता साथ कार्यन्वयन गर्ने
- वडाका मुख्य मापदण्ड पुगेका सडकहरुको डिपिआर तयार गरी क्रमशः कालोपत्रे लाने
- वडा नं. ११ मा अतिथी सदन निर्माण गर्ने
- वडा नं. १० र ११ को केन्द्रमा खानेपानी टेंकी निर्माण गर्ने
- नगरपालिकामा पार्किङको समुचित व्यवस्थापन गर्ने

बैठक संख्या - २.

- आज मिति २०६४ साल आषाढ ३१ गते - शनिबार अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक नगरप्रमुख - श्री हीरकुमार राना ज्यूको अध्यक्षतामा देहाय सदस्यहरुको उपस्थितीमा बसी निम्नानुसार निर्णयहरु गरियो।

उपस्थिती.

① नगरप्रमुख - श्री हीरकुमार राना
② नगर उपप्रमुख - श्री कमला खतिवडा आचार्य
③ कार्यकारी अधिकृत - श्री राधाकृष्ण खतिवडा
④ सदस्य - श्री गजाधर खतिवडा
⑤ सदस्य - श्री रघुनाथ खनाल
⑥ सदस्य - श्री जीवकुमार भण्डारी
⑦ सदस्य - श्री दुर्गाप्रसाद दाहाल
⑧ सदस्य - श्री ध्यान बहादुर भारती
⑨ सदस्य - श्री लोकनाथ गौतम
⑩ सदस्य - श्री नवराम दुङ्गाना
⑪ सदस्य - श्री गोपीचन्द्र गौतम
⑫ सदस्य - श्री पुष्पकुमार प्रसाई
⑬ सदस्य - श्री बलदेवसिंह गोन्देन तामाङ्ग
⑭ सदस्य - श्री भैरव बहादुर खड्का

निर्णय नं. १.

आर्थिक वर्ष २०६४/२०६५ मा यस नगरपालिकाको सञ्चित कोषबाट खर्च गर्नका लागि स्थानिय तह सञ्चालन हुनु अगाडी सार्वजनिक खुद्रुनाबारी गाउँ परिषद् र साविक शनिअर्जुन नगरपरिषद्ले आर्थिक वर्ष २०६४/२०६५ मा खर्च गर्ने गरी पारित गरेको कार्यक्रमहरुलाई नगर सभाबाट अनुमोदन गराउने गरी पेश्की खर्चका रुपमा सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. २.

साविक शनिअर्जुन नगरपरिषद्ले ज्याण्डीफल साइटभग्गा खरिदका लागि विनियोजन गरेको रु. १५,००,०००/- (अक्षेरुपी रु. पन्ध्र लाख मात्र) आर्थिक वर्ष २०६४/२०६५ मा विपद् व्यवस्थापन मा खर्च गर्ने गरी संशोधन गर्ने निर्णय गरियो।